(Notice no: NSTB/NVQS/MOSD-Gandaki-01)

Nepal Vocational Qualifications System

*प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्*

**गण्डकी प्रदेश, प्रदेश कार्यालय**

मालेपाटन,पोखरा, कास्की

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
गण्डकी प्रदेश

# सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८०/११/०१**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय/ नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको तर्फबाट, सहुलियत शुल्कमा संचालन हुने **पूर्व सिकाईको मान्यता** (Recognition of Prior Learning-RPL) विधिद्धारा **भौचर प्रणालीमा आधारित सीप परीक्षणमा** सहभागी हुन चाहने **स्वदेशमा/ वैदेशिक रोजगारको अनुभव** प्राप्त नेपाली नागरिकहरूबाट आफुलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रमा आवेदन फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

**क) फाराम संकलन केन्द्र, परीक्षण हुने व्यवसाय र तह:**

| क. स. | आवेदन फारम संकलन/ सीप परीक्षण केन्द्रहरू | सम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् गण्डकी प्रदेश कार्यालय, मालेपाटन,पोखरा, कास्की । | ९८५६०४२८३३ ९८४१०६८०९१ ०६१ ५८२२७१ | बिल्डिङ्ग पेन्टर | २ |
| | | | गार्मेन्ट फेब्रिकेटर | १ |
| | | | टायल मार्वल फिक्सर | १ |
| | | | मोटरसाइकल मेकानिक | २ |
| | | | कम्प्यूटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| २. | गोरखा बहुप्राविधिक शिक्षालय पालुङ्गटार,गोरखा । | ९८५६०४००९५ | कन्स्ट्रक्सन मेसन | २ |
| ३. | पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा. लि.पोखरा, कास्की । | ९८५६०३१५६९ ०६१ ५७२५६९ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्वर | २ |
| | | | वेल्डर | २ |
| | | | रेफ्रिजेरेटर एण्ड एअरकन्डिसन मेकानिक | २ |
| ४. | हेरोन टेक्निकल इन्स्टिच्यूट प्रा. लि. रानीपौवा, पोखरा, कास्की । | ९८१६६६३४१३ ०६१ ५७१८१४ | सेल मोवाइल फोन टेक्निसियन | २ |

**ख) आवेदनको लागि न्यूनतम योग्यता:**

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तिमा १ वर्षको कार्य अनुभव भएको, |

| | |
|---|---|
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको,<br>**वा**<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको, |

**ग) <u>आवेदन तथा रजिष्ट्रेशन शुल्कः</u> रु२७० (आवेदकले व्यहोर्ने सीप परीक्षण फाराम बुझाउने समयमा)**

**घ) <u>सीप परीक्षणमा सहभागीले</u> <u>आवेदन फाराम भर्दा पालना गर्नु पर्ने शर्तहरूः</u>**

१) यस सूचना तथा आवेदन फाराम सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको वेभसाइट https://mosd.gandaki.gov.np तथा प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) गण्डकी प्रदेशको वेभसाइट https://ctevtgandaki.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२) आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८०।११।३० गते भित्र बुझाउनु पर्नेछ । आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सो को भोलि पल्ट सम्म बुझाउन सकिनेछ।

३) आवेदन फारामको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा /व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा कार्य अनुभवको सक्कल प्रति पेश गर्नु पर्नेछ)। अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानिय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफु कार्यरत स्थानिय तहको सक्कलै सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

५) बैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभवपत्र (अंग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरू स्वतः रद्द हुनेछन् ।

७) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत जानकारी गराइने छ । सीप परीक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परिक्षणको अघिल्लो दिन भित्र प्रवेशपत्र प्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण संचालन हुन सक्नेछ ।

८) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

९) यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोऱ्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारामको माथि पुनः परीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ ।

१०) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

११) सीप परीक्षण आवेदन फाराम संकलन केन्द्रले आवेदन संकलन गर्दा **आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले**) उक्त अवधि भित्र अनलाइन फाराम इन्ट्री (प्रविष्ट) गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम **रुजु भई सके पछि** इन्ट्री (प्रविष्ट)वापत प्रति फाराम रु.७०।– का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई गण्डकी प्रदेश प्रदेश कार्यालय, पोखरा, कास्कीको नाममा रहेको रा.बा. बैकको खाता नं. ३५००१०००००२३३००१मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१२) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

**थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् गण्डकी प्रदेशको मोबाइल नम्बर ९८५६०४२८३३ र ९८४१०६८०९१ वा ०६१ ५८२२७१ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ९८४२६४८०७९ वा ०६१-५९०८७५ मा सम्पर्क गर्न सकिने छ ।**

**निर्देशक**